"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर सहरः सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुञ्जलपुर, मणिग्राम, रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

### मनोसामाजिक परामर्शकर्ता र केस वर्करको करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना!

प्रथम पटक प्रकाशित मिति: २०८२/०७/०२

प्रस्तुत विषयमा यस तिलोत्तमा नगरपालिकाको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना (IGBVRN) अन्तर्गत मनोसामाजिक परामर्शकर्ता र केस वर्कर पदको लागि १/१ (एक/एक) जना कर्मचारी आवश्यक रहेकाले उक्त पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले नगरपालिकाको अनलाईन दरखास्त प्रणाली tilottamamun.gov.np वा jobs.tilottamamun.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८२-८३ | मनोसामाजिक परामर्शकर्ता | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |
| २ | ०२/२०८२-८३ | केस वर्कर | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः मनोसामाजिक परामर्शकर्ता

क. मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।

ख. मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।

ग. कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, powerpoint, Email/ internet आदि भएको) र कम्तिमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम लिएको ।

घ. कम्तिमा २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा काम गरेको अनुभव भएको हुनु पर्ने ।

ङ. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. आवश्यक न्यूनतम योग्यता र अनुभवः केस वर्कर

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ख. लैङ्गिक हिंसा तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव भएको हुनु पर्ने ।

ग. कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, powerpoint, Email/ internet आदि भएको) र कम्तिमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम लिएको ।

घ. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

३. **दरखास्त पेश गर्ने तरिकाः** यस कार्यालयको website tilottamamun.gov.np मा ई गभर्नेन्स मोड्युल भित्र राखिएको अनलाइन दरखास्त वा jobs.tilottamamun.gov.np बाट पेश गर्न सकिनेछ ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८२/०७/१६ गतेसम्म ।

५. **दरखास्त दस्तुर र बुझाउने विधिः** रू. ५००/- (अनलाइन दरखास्त फाराम Submit गरे पश्चात पोर्टलमा रहेको Esewa, connect ips वा khalti App मार्फत बुझाउन सकिनेछ) । रित नपुगेको कारण आवेदन फाराम अस्वीकृत हुने आवेदकहरूको दरखास्त दस्तुर फिर्ता हुनेछैन ।

६. **छनौटको किसिमः** लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

७. **अपलोड गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र, न्युनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, कम्प्युटर सिप तालिमको प्रमाणपत्र, अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि, पासपोर्ट साईजको फोटो, हस्ताक्षरको विद्युतीय प्रति ।

८. **सेवा सुविधाः** स्थानीय सेवाको पाचौं तह सरह हुनेछ ।

९. **परीक्षा मितिः** पछि तोकिनेछ ।

१०. **करार अवधिः** २०८३ असार मसान्तसम्म (नेपाल सरकारबाट आगामी आ.व. को लागि उक्त कार्यक्रममा बजेट प्राप्त हुने अवस्था भएमा करार सम्झौताको म्याद थप गर्न सकिनेछ)

**नोटः**

पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेबसाइट **www.tilottamamun.gov.np** बाट प्राप्त गर्न सकिनेछ । साथै अनलाईन दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा सम्पर्क नं. ९८५७०५८४४२ मा सम्पर्क गर्न सकिनेछ ।

पदपूर्ति समिति
तिलोत्तमा नगरपालिका, रूपन्देही



CamScanner